# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, कात्तिक १ गते २०३४ साल [संख्या २७


श्री ५ को सरकार

## उद्योग तथा वाणिज्य मन्त्रालयको

## सूचना

तारा गाउँ विकास समिति (गठन) आदेश, २०३४

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "तारा गाउँ विकास समिति (गठन) आदेश, २०३४" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. समितिको गठनः (१) तारा गाउँ विकास समिति (यसपछि "समिति" भनिएको) नामको एउटा समिति गठन गरिएको छ ।

(२) उप–दफा (१) बमोजिम गठित समितिमा देहायका सदस्यहरू रहनेछन् :–

(क) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति —अध्यक्ष

(ख) नेपाल औद्योगिक विकास कर्पोरेशनको महाप्रबन्धक वा प्रतिनिधि —सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


२३७

(ग) पर्यटन विभागका निर्देशक वा प्रतिनिधि —सदस्य
(घ) श्री ५ को सरकारबाट मनोनीत तीनजना व्यक्तिहरू —सदस्य
(ङ) श्री ५ को सरकारद्वारा मनोनीत व्यक्ति —सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको हेरफेर वा तिनीहरूको संख्यामा थपघट गर्न सक्नेछ ।

३. समितिको बैठकसम्बन्धी कार्यविधि : (१) समितिको बैठक अध्यक्षले तोकेको स्थान र समयमा बस्नेछ ।

(२) बैठकमा पेश गर्नुपर्ने कार्यसूची अध्यक्षको अनुमति लिई सदस्य–सचिवले अध्यक्षबाट अधिकार प्राप्त अन्य व्यक्तिले तयार गर्नेछ ।

(३) समितिको कुल सदस्यसंख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ बैठकमा उपस्थित भई छलफलमा भागलिन सक्नेछ ।

तर त्यसरी आमन्त्रित विशेषज्ञलाई मत दिने अधिकार भने हुने छैन ।

(७) समितिको बैठक कम्तीमा तीन महीनाको एक पटक बस्नेछ ।

४. समितिको काम कर्तव्य : तारा गाउँ संचालन गर्नु समितिको कर्तव्य हुनेछ र सो संचालन गर्नको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ:—

(क) नेपाल अधिराज्यमा आउने विदेशी पर्यटकहरूलाई नेपाली कला, संस्कृति र रहन सहनसित बढी परिचित तुल्याउन नेपाली शैलीका आवास गृह, चमेना गृह र अन्य आवश्यकीय भवनहरू स्थापना र संचालन गर्ने,

(ख) विदेशी पर्यटकहरूलाई नेपाल अधिराज्यको विभिन्न भागमा प्रचलित नेपाल साँस्कृतिक रीतिरिवाजको जानकारी गराउने,

(ग) विदेशी पर्यटकहरूलाई नेपालको आतिथ्य, मैत्री र सद्भावनासित परिचित तुल्याउने,

(घ) विदेशी पर्यटकहरूलाई नेपाल र नेपालीपनको परिचय गराई नेपालप्रति अन्तर्राष्ट्रिय मैत्री र सद्भावना जगाउन प्रयत्न गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) तारा गाउँको विकास तथा संचालनको लागि आवश्यक अन्य कार्यहरू गर्ने ।

५. समितिको कोष : (१) समितिको एउटा छुट्टै कोष हुनेछ जसमा देहायका रकमहरू रहनेछन्:–

(क) समितिले आर्जन गरेको रकमहरू,

(ख) समितिले सापट लिएको रकमहरू,

(ग) समितिको गठन हुँदा तारा गाउँ (प्रा) लि. बाट सर्न आएको सबै रकमहरू,

(घ) समितिको लागि दान दातव्य र आर्थिक सहायता स्वरूप प्राप्त हुनआएको रकमहरू,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ।

६. समितिको आय–व्यय र लेखापरीक्षण : (१) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

७. अधिकार सुम्पन सकिने : समितिले आवश्यकतानुसार आफ्नो केही अधिकार सदस्यहरूको उप–समिति, सदस्य, सदस्य–सचिव वा अरू कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. नियमहरू बनाउने अधिकार : समितिले आफ्नो कार्य संचालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।

९. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा पर्यटन मन्त्रालय, पर्यटन विभागमार्फत राख्नु पर्नेछ ।

आज्ञाले–

ईश्वरीलाल श्रेष्ठ

श्री ५ को सरकारको का.मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५३५

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।